नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना

हरिहरभवन, ललितपुर

## स्टार्ट अप अनुदानका लागि संयुक्त प्रोफाइल (Joint Profile) पेश गर्न म्याद थप गरिएको सूचना

**शुरु प्रकाशन मितिः २०७९।११।०९**

**म्याद थप गरिएको सूचना प्रकाशन मितिः २०८०।०२।०७**

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार उत्पादक संस्था र खरिदकर्ताहरुलाई उत्पादनमूलक साझेदारी **(Productive Partnership)** को अवधारणामा स्टार्ट अप अनुदानका लागि **"Start-up Grant Operating Manual – 2079"** अनुरुप उप-आयोजना सञ्चालनका लागि अनुसूची-३ बमोजिमको ढाँचामा आयोजना लागु भएका क्षेत्रका कृषि सँग सम्बन्धित बालीहरु, पशुपन्छीजन्य वस्तु, गैहृकाष्ठ वन पैदावार **(NTFP)** र औषधीय र सुगन्धितजन्य विरुवा **(MAPs)** सँग सम्बन्धित उपजहरुको उत्पादन एवं प्रशोधनमा संलग्न वा इच्छुक उत्पादक संस्था (कृषि समूह, सहकारी, अन्य उत्पादक संघ) हरुलाई संयुक्त प्रोफाइल पेश गर्नका लागि १ महिना अवधि थप (मिति २०८०।०३।१० सम्म) गरिएको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। **आयोजना लागु भएका स्थानीयतहहरुको विवरण आयोजनाको वेबसाइट (reed.moald.gov.np) मा हेर्न सकिनेछ।**

संयुक्त प्रोफाइल पेश गर्नका लागि आवश्यक न्यूनतम मापदण्ड र आवेदन साथ संलग्न गर्नुपर्ने अन्य कागजातहरु आयोजनाको वेबसाइट **(reed.moald.gov.np)** मा रहेको विस्तृत सूचनामा हेर्न वा निम्न कार्यालयहरुमा बुझ्न सकिनेछ।

**संयुक्त प्रोफाइल देहायका आर्थिक कोरिडोर कार्यालय र सम्पर्क कार्यालयहरुमा इमेल मार्फत समेत पेश गर्न सकिनेछ।**

| | |
|---|---|
| आर्थिक कोरिडोर कार्यालय, पाख्रिबास, धनकुटा र सम्पर्क कार्यालय धुलिखेल, काभ्रे<br>ईमेलः reedecodhankuta@gmail.com<br>सम्पर्क नं. ०२६-४०५१७१, ०११-६६५६०४ | आर्थिक कोरिडोर कार्यालय, बर्दिबास, महोत्तरी<br>ईमेलः reed.bardibas@gmail.com<br>सम्पर्क नं. ०४४-५५०७४८, ५५०७२४ |
| आर्थिक कोरिडोर कार्यालय, बुटवल, रुपन्देही र सम्पर्क कार्यालय पोखरा, कास्की<br>ईमेलः reedecobutwal45@gmail.com<br>reedbutwal.copokhara@gmail.com<br>सम्पर्क नं. ०७१-४२२०१७, ४२२१२७, ०६१-५७६२६३ | आर्थिक कोरिडोर कार्यालय, डडेल्धुरा<br>ईमेलः reed.dadeldhura@gmail.com<br>सम्पर्क नं. ०९६-५९०९९१, ५९०९९२ |

**नोटः आयोजनाको सहयोगमा सञ्चालन हुने उप-आयोजनाबाट उत्पादित उपज खरिद गर्न इच्छुक खरिदकर्ताहरुले सूचीकृतका लागि आयोजनाको वेबसाइट (reed.moald.gov.np) मा रहेको "खरिदकर्ता सूचीकृत सम्बन्धी फाराम" भर्न आह्वान गरिनुका साथै माथि उल्लेखित कार्यालयहरुमा ईमेल मार्फत समेत सूचिकृत हुन सकिन्छ।**

**पुनश्चः**

१. **यदी कुनै उत्पादक संस्थाले आफैले उपयुक्त खरिदकर्ता फेला पार्न नसकेको खण्डमा समेत संयक्त प्रोफाइल पेश गर्न सक्नेछ र सम्भव भए सम्म आयोजनाले उपयुक्त खरिदकर्ता सँग आबद्धता गराउनमा सहयोग गर्नेछ।**

२. **स्टार्ट-अप अनुदान सञ्चालन म्यानुअलको प्रावधान अनुरुप संयुक्त प्रोफाइलहरु प्राप्त हुनासाथ मूल्याङ्कन छनौट र सम्झौता प्रक्रिया आरम्भ भई जाने हुँदा यथासम्भव चाडो संयुक्त प्रोफाइल पेश गर्नुहुन अनुरोध छ।**

**नोटः मिति २०८०।०२।०७ गतेको कान्तिपुर दैनिकमा प्रकाशित सूचना।**